# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, जेठ २४ गते, २०८० साल (अतिरिक्ताङ्क ८

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

## प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८०

<u>प्रस्तावना:</u> प्रदेश सरकारले आयोजना कार्यान्वयन गर्नुपूर्व निर्धारित मापदण्डका आधारमा आयोजनाको पहिचान, विश्लेषण, छनौट र प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रममा समावेश गर्न प्रदेशस्तरीय

आयोजना बैंक स्थापना गरी सोको सञ्चालन एवम् व्यवस्थापन गर्न बाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि नियमित ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "आयोजना बैंक" भन्नाले आयोजना कार्यान्वयन गर्नुपूर्व आयोजना छनौट कार्यविधिका आधारमा आयोजनाको पहिचान, मूल्याङ्कन तथा विश्लेषण, छनौट र प्राथमिकीकरण प्रक्रियाद्वारा छनौट भएका र बजेट विनियोजनका लागि योग्य आयोजनाहरुको सूचीलाई सम्झनु पर्दछ। सो शब्दले प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएको आयोजना सूचीलाई समेत जनाउनेछ।

(ख) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले आयोजना कार्यान्वयन गर्ने निकाय सम्झनु पर्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) "विषयगत मन्त्रालय" भन्नाले प्रदेशस्तरीय आयोजना छनौट तथा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी भएका प्रदेश सरकारका विषयगत मन्त्रालय तथा अन्य निकाय सम्झनु पर्दछ।

(च) "आयोजना" भन्नाले प्रदेशको विकासको लागी कुनै विषय क्षेत्रमा निश्चित अवधि भित्र खास उद्देश्य र लक्ष्य प्राप्तिको लागि सञ्चालन गरिने आयोजना वा कार्यक्रमलाई सम्झनु पर्दछ।

(छ) "प्रदेश योजना आयोग" कोशी प्रदेशको प्रदेश योजना आयोग सम्झनुपर्छ।

## परिच्छेद - २

## आयोजनाको बैंक स्थापना

३. **आयोजना बैंकको स्थापना:** (१) प्रदेशमा एक आयोजना बैंक स्थापना गरिनेछ। प्रदेश योजना आयोगले आयोजना बैंक सञ्चालन तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय निकायको रुपमा कार्य गर्नेछ।

(२) दफा ५ बमोजिमको प्रक्रियाबाट सम्बन्धित विषयगत मन्त्रालयले आयोजना बैंकमा आयोजना प्रविष्टि गराउनुपर्नेछ।

४. **आयोजना बैंकको व्यवस्थापन:** (१) आयोजना बैंकको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यको रेखदेख, नियमन तथा व्यवस्थापन सम्बन्धी कार्य प्रदेशका विषयगत मन्त्रालयको समन्वयमा प्रदेश योजना आयोगले गर्नेछ।

(२) प्रदेश आयोजना बैंक व्यवस्थापन सम्बन्धी कार्य गर्न राष्ट्रिय योजना आयोगले तयार गरी हस्तान्तरण गरेको प्रदेश

आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (पी.पी.बी.एम.आइ.एस)बाट कार्यसञ्चालन गरिनेछ।

(३) प्रदेश सरकारले सञ्चालन गरेको आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई राष्ट्रिय आयोजना बैंक तथा स्थानीय आयोजना बैंकसँग समेत आवद्ध गर्न सकिनेछ।

(४) आयोजना बैंकमा प्रविष्टि भएका आयोजनाहरुको विवरण वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेर कार्यान्वयनको अवस्थामा नजाउन्जेल सार्वजनिक रुपमा प्रकाशन गरिने छैन। संघ, प्रदेश र स्थानीय तहको आयोजनामा दोहोरोपन हुन नदिन कार्यालय प्रयोजनको लागि सूचना एवम् विवरण उपलब्ध गराउन सकिनेछ।

(५) आयोजना बैंक सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा प्रदेश योजना आयोगले दिएको निर्देशन प्रदेशका सबै मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय र कार्यालयले पालना गर्नुपर्नेछ।

(६) आयोजना बैंकमा आयोजना प्रविष्टि गर्न आवश्यक विवरण तथा कागजात तयार गरी निर्धारित समयमै पेश गर्नु सम्बन्धित कार्यालय प्रमुख र विषयगत मन्त्रालयका सचिवको कर्तव्य हुनेछ।

## परिच्छेद - ३

## आयोजनाको बैंक सञ्चालन कार्यविधि

५. **आयोजना प्रविष्टि गर्ने मापदण्डः** (१) प्रदेशस्तरीय आयोजना छनौट कार्यविधि अनुसार प्रक्रिया पुरा गरी प्रस्ताव भई आएका देहायका आयोजनाहरु मात्र प्रदेश आयोजना बैंकमा समावेश गर्नुपर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

(क) प्रदेश सरकारले स्वीकृत गरेको वा घोषणा गरेका प्रदेश गौरवका तथा दीर्घकालीन महत्वका आयोजनाहरु,

(ख) जिल्ला तथा निर्वाचन क्षेत्र स्तरीय योजना तर्जुमा गोष्ठीबाट छनौट भई प्रदेशस्तरीय आयोजनाको रुपमा पहिचान गरिएका आयोजनाहरु,

(ग) प्रदेश सरकारको लागत साझेदारीमा स्थानीय तहबाट सञ्चालन गर्नका लागि प्रस्ताव भएका आयोजनाहरु,

(घ) क्रमागत वा निर्माणाधीन आयोजनाहरु,

(ङ) मर्मतसम्भार गर्नुपर्ने आयोजनाहरु।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि रु.पचास लाख भन्दा कम लागत अनुमान भएका आयोजना तथा कार्यक्रमलाई आयोजना बैंकमा समावेश गरिने छैन।

(३) सम्बन्धित कार्यालय वा मन्त्रालयको बजेटसीमा भित्र समावेश गर्न सकिने अवस्था रहे नरहेको सम्बन्धमा अध्ययन गरी मध्यमकालीन खर्च संरचना र निर्माणाधीन आयोजनाको प्रतिवद्ध दायित्व समेतलाई विश्लेषण गरेर मात्र यस कार्यविधि बमोजिम आयोजना बैंकमा आयोजना प्रविष्टि गरिनेछ।

(४) आयोजना बैंकमा प्रविष्टि भएका आयोजनालाई सम्बन्धित मन्त्रालय र कार्यालयले आफ्नो वार्षिक बजेटसीमा भित्रबाट समावेश गर्न सकिने जतिलाई बजेट तथा कार्यक्रममा समावेश गरेर कार्यान्वयनमा लैजानु पर्नेछ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कर्णाली प्रदेश

(५) दफा ६ बमोजिमको चरणहरु पूरा गरी आयोजना बैंकमा प्रविष्टि गरेर मात्र प्रदेशको मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रममा आयोजना समावेश गर्नुपर्नेछ। आयोजना बैंकमा समावेश नभएका आयोजनामा बजेट विनियोजन गर्न पाइने छैन।

६. <u>आयोजना प्रविष्टिका चरणहरुः</u> (१) आयोजना बैंकमा आयोजना समावेश गर्दा देहायको चरणहरु अवलम्बन गरी विवरण प्रविष्टि गर्नुपर्नेछः-

**(क)** पहिलो चरणः- आयोजनाको पहिचान

**(ख)** दोस्रो चरणः- आयोजना मूल्याङ्कन वा विश्लेषण

**(ग)** तेस्रो चरणः- आयोजना छनौट र प्राथमिकीकरण

(२) प्रदेशस्तरीय आयोजना छनौट सम्बन्धी कार्यविधि अनुसार आयोजना तर्जुमा गोष्ठीबाट वा तोकिएको प्रक्रियाबाट प्रारम्भिक छनौट भई कार्यालय वा निर्देशनालयबाट प्राप्त अनुसूची-१ बमोजिको ढाँचामा आयोजना प्रस्ताव वा अवधारणापत्रका आधारमा मन्त्रालयले आयोजना बैंकमा आवश्यक विवरण प्रविष्टि गरेर मन्त्रालयको निर्णय सहित प्रदेश योजना आयोगमा पठाउनुपर्नेछ। निर्माणाधीन आयोजनाको विवरण सम्बन्धित कार्यालयले आयोजना बैंकमा प्रविष्टि गर्ने र मन्त्रालयले विवरण रुजु गरी प्रदेश योजना आयोगमा पठाउनुपर्नेछ।

(३) पहिलो चरणमा प्रविष्टि भएका आयोजनाहरुको अध्ययन, विश्लेषण गर्दा प्रदेशस्तरीय आयोजना छनौट तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

वर्गीकरण सम्बन्धी कार्यविधि बमोजिम योग्य नदेखिएमा, स्रोत साधन र जनशक्तिका दृष्टिकोणले प्रदेश सरकार अन्तरगतका निकायहरुबाट कार्यान्वयन गर्न नसकिने अवस्थाका आयोजना प्रस्ताव भएमा प्रदेश योजना आयोगले त्यस्तो आयोजनालाई अस्वीकृत वा रद्द गर्न सक्नेछ।

(४) आयोजना बैंकमा पहिलो चरणमा प्रविष्टि भएका आयोजनाको अवधारणा नोट वा आयोजना प्रस्ताव प्रदेश योजना आयोगले स्वीकृत गरेपछि मात्र आयोजनाको सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने लगायत कार्य अघि बढाउनुपर्नेछ।

(५) आयोजनाको सम्भाव्यता अध्ययन गरी विस्तृत आयोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्न लगायतको प्रतिवेदन प्राप्त भएपछि मन्त्रालयले अनुसूची-२ बमोजिमको ढाँचामा आयोजनाको मूल्याङ्कन तथा विश्लेषण गरी प्रदेश योजना आयोगमा विवरण पठाउनु पर्नेछ र आयोजना बैंकमा दोस्रो चरणका विवरण प्रविष्टि गर्नु पर्नेछ।

(६) विषयगत मन्त्रालयबाट प्राप्त विवरणका आधारमा प्रदेश योजना आयोगले प्रदेशस्तरीय आयोजना छनौट सम्बन्धी कार्यविधि अनुसार आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने सम्बन्धी तेस्रो चरणको कार्य गर्नेछ।

(७) आयोजना बैंकमा प्रविष्टि भएका आयोजनाहरुको सम्बन्धित मन्त्रालयको प्रस्तावमा प्रदेश योजना आयोगबाट तेस्रो चरणमा स्वीकृत गरिसकेका आयोजनालाई आगामी वर्षको बजेट तथा कार्यक्रम एवम् मध्यमकालीन खर्च संरचनामा



आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

समावेश गर्न, बजेट विनियोजन एवम् कार्यान्वयन गर्न योग्य मानिनेछ।

(८) उपदफा (१) बमोजिम आयोजनाको पहिचान, मुल्यांकन वा विश्लेषण, छनौट र प्राथमिकीकरण गर्ने तरिका अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद — ४
## विविध

७. **आयोजना बैंकको प्रयोगः** (१) आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रयोगकर्ता व्यवस्थापन सम्बन्धी कार्य प्रदेश योजना आयोग र विषयगत मन्त्रालयले गर्नुपर्नेछ। आयोजनाको पहिचान गरी पहिलो चरणको प्रारम्भिक विवरण सम्बन्धित कार्यालयले प्रविष्टि गर्नेछ। आयोजनाको मूल्याङ्कनको चरणका कार्यहरु विषयगत मन्त्रालयले गर्नेछ। आयोजना छनौट तथा प्राथमिकीकरणको कार्य प्रदेश योजना आयोगले गर्नेछ।

(२) यो कार्यविधि लागू हुनु अघि छनौट भएका निर्माणाधीन एवम् क्रमागत सबै आयोजनाहरुलाई २०८० पौष मसान्तभित्र प्रदेश आयोजना बैंक सूचना प्रणालीमा प्रविष्टि गरिसक्नुपर्नेछ।

८. **आयोजना बैंकमा प्रविष्टिः** आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा आयोजना प्रविष्टि गर्दा सम्बन्धित कागजात समेत संलग्न गर्नुपर्नेछ। आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरिने विवरण अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ।

९. **आयोजना सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) आयोजना बैंकमा समावेश भएका आयोजनाहरु निजीक्षेत्रबाट वा सार्वजनिक, निजी



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तथा सहकारी साझेदारीमा सञ्चालन गर्न सकिने प्रकृतिका आयोजना कार्यान्वयनका लागि विषयगत मन्त्रालय वा प्रदेश योजना आयोगले सम्बन्धित निकायमा हस्तान्तरण गर्न सक्नेछ।

(२) आयोजना बैंकमा प्रविष्टि भएका आयोजनाहरु मध्ये कुनै आयोजना वैदेशिक सहायताबाट सञ्चालन गर्न नेपाल सरकार समक्ष वैदेशिक सहायता स्वीकृतिका लागि पेश गर्न सकिनेछ।

१०. <u>बाधा अड्काउ फुकाउः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै जटिलता वा बाधा उत्पन्न हुने भएमा प्रदेश योजना आयोगले निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

११. <u>अनुसूचीमा संशोधनः</u> यस कार्यविधिको अनुसूचीमा प्रदेश योजना आयोगले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ। त्यस्तो संशोधनको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -१

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**<u>आयोजना प्रस्ताव वा अवधारणापत्रको ढाँचा</u>**

प्रस्ताव तयार गर्ने कार्यालयको नामः

१. आयोजनाको परिचय
   - आयोजनाको नाम
   - लक्ष्य
   - उद्देश्य
   - कार्यान्वयन अवधि- सुरु आ.व. समाप्ति आ.व.
   - कार्यान्वयन हुने क्षेत्र- जिल्ला गाउपालिका/नगरपालिका

२. आयोजनाको कुल लागत
   - विकास तथा निर्माण लागत
   - सञ्चालन लागत
   - अन्य लागत

३. वित्तीय स्रोत

४. अपेक्षित प्रतिफल

५. आयोजनाको प्रमुख क्रियाकलाप

६. आयोजनाको वित्तीय र आर्थिक विश्लेषण

७. आयोजना कार्यान्वयन तथा खर्च योजना

८. आयोजना कार्यान्वयनमा आवश्यक जनशक्ति र प्रमुख निर्माण सामग्री

९. आयोजना सञ्चालन प्रस्ताव

१०. सञ्चालन प्रबन्ध
   - खर्चको अनुमान (करिब ३ वर्षको)
   - उपभोक्ताबाट सञ्चालन गरिने भए प्रदेश सरकारको सहयोग आवश्यक पर्ने वा नपर्ने
   - सम्भावित आय आर्जन (कम्तीमा ३ वर्षको)

कार्यालय प्रमुखको नामः

दस्तखतः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची -२

(दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

## आयोजना मूल्याङ्कन तथा विश्लेषणको ढाँचा

(क) आयोजनाको पृष्ठभूमि

१. आयोजनाको लगानी योग्यता र औचित्यता मापनको आधार

२. आयोजना छनौट (स्वीकृत वा अस्वीकृत गर्ने औजार)

३. विधि

- आर्थिक औचित्यता
- लाभ लागत विश्लेषण
- लागत प्रभावकारीता

(ख) आर्थिक विश्लेषण

१. आयोजनाको उद्देश्य र आर्थिक औचित्यता

२. आर्थिक लागत विश्लेषण

३. लाभ मापन गर्न सकिने आयोजना

- लाभ लागत विश्लेषण

४. लागत मापन गर्न नसकिने आयोजना

- लागत प्रभावकारीता विश्लेषण (न्यूनतम लागत)

५. निश्कर्ष र सुझाव

(ग) लागत लाभ विश्लेषण

१. आयोजना हुँदा र नहुँदाको अवस्था

२. विश्लेषण विधि

३. आर्थिक खुद वर्तमान मूल्य (Economic Net Present Value)

४. आर्थिक आन्तरिक प्रतिफल दर (Economic Internal Rate of Return)

५. लागत लाभ अनुपात (Cost Benefit Ratio)



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

६. संवेदनशीलता विश्लेषण (Sensitivity Analysis)

७. वितरणात्मक विश्लेषण (Distributive Analysis)

८. लागत प्रभावकारीता मूल्याङ्कन

(घ) वित्तीय विश्लेषण

१. आयोजनाको पूँजीगत लगानी, सञ्चालन र वित्तीय लागत अनुमान

२. राजस्व सिर्जना गर्ने आयोजना

- राजस्व अनुमान
- लागत लाभ विश्लेषण

३. राजस्व सिर्जना नगर्ने आयोजना

- वित्तीय दिगोपना विश्लेषण

(ङ) निश्कर्ष र सुझाव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -३
(दफा ६ को उपदफा (८) सँग सम्बन्धित)

## आयोजना बैंक व्यवस्थापन प्रक्रिया एवम् चरणहरु

### (क) पहिलो चरण- आयोजनाको पहिचान

यो चरणमा आयोजना अवधारणा स्वीकृत गर्ने सम्बन्धी कार्य गरिनेछ। विकास क्षेत्रमा देखिएको समस्या वा आवश्यकताको सम्बोधन गर्ने उपायहरुको खोजी गर्न यस चरणमा निश्चित समय र बजेटको दायराभित्र रही आयोजना अवधारणा तयार गर्न पूरा गर्नुपर्ने क्रियाकलापहरुको सूची सहितको प्रारम्भिक प्रस्ताव तयार गरिन्छ। अवधारणा नोट तयारी गर्नका लागि देहायका चरणहरु अवलम्बन गर्नुपर्दछः-

- अवधारणाको सिर्जना
- रणनीतिक उपयुक्तता मूल्याङ्कन
- इच्छित विकल्पहरुको छनौट
- पूर्वसम्भाव्यता/ डेस्क अध्ययन
- आयोजना प्रस्ताव वा अवधारणापत्र तर्जुमा (अनसूची-१ बमोजिमको ढाँचामा)

प्रदेश योजना आयोगले आयोजना अवधारणापत्र वा प्रस्तावमा स्वीकृति दिनका लागि तल उल्लेखित विषयहरुमा आधारित भई विश्लेषण गर्नुपर्नेछः-

- प्रस्तावित आयोजना प्रदेश सरकारको विकास रणनीतिसँग सम्बद्ध भए/नभएको,
- आयोजनाले विकासमा प्रभाव पार्ने क्षमता निहित भए/नभएको,
- आयोजना आर्थिक रुपमा सम्भाव्य भए/नभएको,

- वित्तीय रुपमा धान्न सकिने अवस्था रहेको/नरहेको,
- आयोजना कार्यान्वयन गर्न संस्थागत क्षमता छ/छैन,
- छनौट गरिएको प्रविधि उपयक्त छ/छैन आदि।

आयोजनासँग सम्बन्धित विभिन्न सूचना एवम् कागजातहरुको अध्ययन, विश्लेषण गरी मन्त्रालयले आयोजना बैंकमा आयोजना प्रस्ताव प्रविष्टि गर्नुपर्नेछ। मन्त्रालयले अन्य आवश्यक कागजात सहित प्रदेश योजना आयोगमा आयोजना प्रस्ताव स्वीकृतिको लागि पेश गर्नुपर्नेछ।

**(ख) दोस्रो चरण- आयोजना मूल्याङ्कन तथा विश्लेषण**

पहिलो चरणको कार्य पूरा गरी पेश भएको आयोजना प्रस्ताव प्रदेश योजना आयोगबाट स्वीकृत भएमा विषयगत मन्त्रालय र मातहतको कार्यालयले देहायको कार्यहरु गर्नु, गराउनु पर्नेछः

- सम्भाव्यता अध्ययन
- विस्तृत आयोजना प्रतिवेदन
- वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE)
- जग्गा प्राप्तिको प्रक्रिया,
- स्रोत सुनिश्चितता वा सहमति माग
- कार्यान्वयन कार्ययोजना तर्जुमा
- अनुगमन तथा मूल्याङ्कन कार्ययोजना तर्जुमा आदि।

माथिको कागजात तथा प्रतिवेदन प्राप्त भएपछि अनुसूची-२ बमोजिमको ढाँचामा विवरण तयार गरी देहायका आधारमा आयोजना मूल्याङ्कन एवम् विश्लेषण गर्नुपर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- आयोजनाको आवश्यकता र औचित्यताको विश्लेषण,
- आयोजनाको लागत-लाभ विश्लेषण,
- आयोजनाको प्राविधिक विश्लेषण,
- आयोजनाको वातावरणीय विश्लेषण,
- आयोजनाको कानुनी पक्षको विश्लेषण,
- आयोजनाको समानुपातिक विश्लेषण।

आयोजनाको मूल्याङ्कन तथा विश्लेषण प्रतिवेदन सहितको विवरण एवम् कागजात सहित विषयगत मन्त्रालयले आयोजना बैंक सूचना प्रणालीमा आवश्यक विवरण प्रविष्टि गरी प्रदेश योजना आयोगमा पठाउनुपर्नेछ।

**(ग) तेस्रो चरण- आयोजना छनौट र प्राथमिकीकरण**

आयोजनाको मूल्याङ्कन विश्लेषण एवम् प्राथमिकीकरण गरी कार्यान्वयन योग्य आयोजना छनौट एवम् स्वीकृत गर्नका लागि यस चरणमा देहायको कार्यहरु गर्नुपर्नेछः-

- **आयोजना तयारी अवस्था मूल्याङ्कनः** यसका लागि देहायका सूचक र अंकभारका आधारमा मूल्याङ्कन गर्नुपर्नेछः-

| मूल्याङ्कन सूचक | अंकभार | अवस्थाः छ (१)/छैन (०) | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | २ | ३ | ४ =(२×३) |
| सम्भाव्यता अध्ययन भएको/विस्तृत | ३० | | |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| परियोजना प्रतिवेदन स्वीकृत भएको (Completion of FS/DPR) | | | |
| नतिजा खाका तर्जुमा भएको (Logical/Result Framework) | ५ | | |
| स्रोत व्यवस्था वा स्रोत सुनिश्चितता भएको | २० | | |
| जग्गा प्राप्तिको कानूनी प्रक्रिया पूरा भएको | २५ | | |
| वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) प्रतिवेदन तयार/स्वीकृत भएको | १० | | |
| कार्यान्वयन कार्ययोजना स्वीकृत/अन्तिमरुप दिइएको | ५ | | |
| अनुगमन तथा मूल्याङ्कन | ५ | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| कार्ययोजना तर्जुमा गरिएको | | | |
| **जम्मा** | १०० | | |

माथिको तालिका अनुसार आयोजनाको तयारी अवस्था मूल्याङ्कन गर्दा ७५ वा सो भन्दा बढी अंक प्राप्त भएमा उच्च, ५० देखि ७४ सम्म अंक प्राप्त भएमा मध्यम र ५० भन्दा कम अंक प्राप्त भएमा न्यून तयारी अवस्थामा वर्गीकरण गरिनेछ।

- **आयोजनाको प्राथमिकीकरणः** प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि बमोजिमको आधार एवम् सूचकहरुमा आयोजनाको प्राथमिकीकरण गर्नुपर्नेछ। आयोजना प्राथमिकीकरणका सबै सूचकहरुको जम्मा पूर्णाङ्कलाई १०० प्रतिशत मानी देहायअनुसार प्राथमिकता निर्धारण वा वर्गीकरण गरिनेछः-

| आयोजनाको प्राप्ताङ्क | प्राथमिकता/वर्गीकरण |
|---|---|
| ७५ प्रतिशत वा सो भन्दा बढी | उच्च |
| ५० देखि ७४ प्रतिशत सम्म | मध्यम |
| ५० प्रतिशत भन्दा कम | न्यून |

- **आयोजनाको श्रेणी विभाजनः-** माथि उल्लिखित सूचक वा अंकभार अनुसार आयोजनाको तयारी अवस्था मूल्याङ्कन र प्राथमिकताको वर्गीकरण गर्दा उच्च वा मध्यम वा न्यून वर्गीकरण अनुसार देहायको तालिका (मेट्रिक्स) मा उल्लेखित

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

नौवटा समूहहरु मध्ये कुन समूहमा पर्दछ सोही अनुसार आयोजनाको श्रेणी निर्धारण गरिनेछ।

| | | | | |
|---|---|---|---|---|
| (आयोजनाको प्राथमिकता) | उच्च | उच्च, न्यून (C) | उच्च, मध्यम (B) | उच्च, उच्च (A) |
| | मध्यम | मध्यम, न्यून (C-) | मध्यम, मध्यम (B-) | मध्यम, उच्च (A-) |
| | न्यून | न्यून, न्यून (E) | न्यून, मध्यम (D-) | न्यून, उच्च (D) |
| | | न्यून | मध्यम | उच्च |
| | | (आयोजनाको तयारी अवस्था) | | |

माथिको तालिका (मेट्रिक्स) अनुसार "A" श्रेणीमा पर्ने आयोजनलाई उच्च श्रेणी र वर्णानुक्रम अनुसार "E" श्रेणीसम्मका आयोजनालाई क्रमशःन्यून श्रेणीको आयोजना मानिनेछ। उच्च श्रेणी (A) मा पर्ने आयोजनाहरुलाई पहिलो प्राथमिकता (क्रमसंख्या)मा राखी कार्यान्वयन योग्य आयोजना छनौटको सूची तयार गरिनेछ।

- **मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजनः-** आयोजनाको श्रेणी विभाजन तथा प्राथमिकताक्रम अनुसार मध्यमकालीन खर्च संरचनामा बजेट प्रस्ताव गर्नुपर्नेछ।

<u>पुनश्चः</u> आयोजना छनौटको मापदण्ड र प्राथमिकीकरणका आधार तथा सूचकाङ्कहरु प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि अनुसार हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची -४

(दफा ८ सँग सम्बन्धित)

**प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरिने आयोजनाको विवरण सूची**

(क) आयोजना सम्बन्धी सामान्य जानकारी

(ख) आयोजना बारे जानकारी

(ग) भौतिक तथा वित्तीय प्रगति

(घ) आयोजनाको पूर्वतयारी

(ङ) आयोजनाको छनौटका आधारहरु

(च) आयोजना प्राथमिकीकरण अंक

(छ) आयोजना कार्यान्वयनको ढाँचा

(ज) आयोजनाको वित्तीय व्यवस्था

(झ) आयोजनाको व्यवहारिकता

(ञ) भूमि अधिग्रहणको अवस्था

(ट) आयोजनालाई गाभ्न, विस्तार गर्न वा समापन गर्नका लागि औचित्य

(ठ) आयोजनाको जिम्मेवार व्यक्तिको सम्पर्क विवरण

(ड) कैफियत

स्वीकृत मितिः- २०८०/०२/२४

आज्ञाले,

श्याम प्रसाद भण्डारी

प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- info.moial@koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश